# सूचना तथा सञ्चार मन्त्रालय

मन्त्रालय र मातहतका समेत ९१ कार्यालयको विनियोजन रु.३ अर्ब ८४ करोड ३२ लाख, राजस्व रु.६ अर्ब ४१ करोड ६९ लाख, धरौटी रु.५ करोड ५८ लाख र अन्य कारोबार रु.२ करोड ५५ लाखसमेत रु.१० अर्ब ३४ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। मन्त्रालय मातहतका संगठित संस्था, समिति, अन्य संस्थासमेत १४० को रु.८६ अर्ब ४८ करोड २२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन -** विगतका प्रतिवेदनमा समावेश भएका समावेशी कार्यक्रम प्रकाशन प्रसारण, लोक कल्याणकारी विज्ञापन र पत्रकारिता अनुदानको अनुगमन नगरेको, विदेशी चलचित्र विकास शुल्कको लगत नराखेको, परामर्श सेवामा अत्यधिक खर्च गरेको, प्रसारण इजाजतपत्र नवीकरण नगराएको, रोयल्टी घटी लिएको, रेडियो फ्रिक्वेन्सी नीतिले तोकेबमोजिम फ्रिक्वेन्सी दस्तुर असुल नगरेको, प्रतिस्पर्धाका आधारमा फ्रिक्वेन्सी बाँडफाँड र वितरण गर्न व्यवस्थापिका संसदबाट दिइएका निर्देशन पालना नगरेको एवं चलचित्र विकास बोर्डमा कर्मचारीहरुको सेवाशर्त सुविधा सम्बन्धी कानुनी व्यवस्था नभएको र मुद्रण विभागले विभिन्न निकायहरुमा गरेको छपाई कार्यको भुक्तानी बाँकी रहेको व्यहोराहरुमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्थागर्नुपर्दछ।

२. **सञ्चिति -** दूरसञ्चार ऐन, २०५३ को दफा ४५(३) मा नेपाल दूरसञ्चार प्राधिकरणलाई प्राप्त रकमले कार्य सञ्चालन गर्न नपुग भएमा नेपाल सरकारसँग माग गर्न सक्ने र सरकारले उपलब्ध गराएको रकम बढी भएमा फिर्ता गर्नुपर्ने उल्लेख छ । नेपाल दूरसञ्चार प्राधिकरणको सञ्चिति रु.१९ अर्ब ६६ करोड ४ लाख सञ्चित कोष दाखिला गर्नुपर्ने व्यहोरा गतवर्षको प्रतिवेदनमा औंल्याएकोमा उक्त सञ्चितिमध्ये रु.६ अर्ब ५० करोड मात्र यो वर्ष सञ्चितकोष दाखिला गरेको छ । यो वर्षसम्मको सञ्चिति रु.२९ अर्ब २७ करोड ३० लाखमध्ये ग्रामीण दूरसञ्चार कोषको रु.१२ अर्ब ६६ करोडबाहेक रु.१६ अर्ब ६१ करोड २६ लाख सञ्चितकोष दाखिला गर्नुपर्दछ।

३. **सामुदायिक सूचना केन्द्र -** हुलाक सेवा विभागअन्तर्गत देशका विभिन्न स्थानमा ४०१ टेलिसेन्टर स्थापना गरी यो वर्षसम्म मेसिनरी औजार र भवन निर्माण कार्यमा रु.११ करोड ५७ लाख खर्च भएको छ । दक्षिण एसियाली सूचना राजमार्ग आयोजनाबाट ३० सूचना केन्द्रहरुको भवन निर्माण तथा मेसिनरी औजार आपूर्ति गर्ने कार्य चालुनै रहेको छ । यो वर्ष मन्त्रालयले विद्यालयहरुमा सामुदायिक सूचना केन्द्र स्थापना गर्ने कार्यक्रम स्वीकृत गरी १५ सामुदायिक विद्यालयमा मेसिनरी औजार, कम्प्युटर र फर्निचर समेत उपलब्ध गराउन रु.१ करोड ७ लाखको खरिद सम्झौता गरी रु.७० लाख खर्च गरेको छ । टेलिसेन्टरहरुमा उपयुक्त मेसिनरी र उपकरणको अभावमा सेवाप्रवाह चुस्तदुरुस्त नरहेको अवस्था देखिएकोमा अन्य निकायअन्तर्गतका संरचनाहरुमा थप लगानी गर्दै कार्य गराउनाले उक्त टेलिसेन्टरहरुबाट प्रभावकारी सेवा नहुने अवस्था देखिएको छ।

४. **प्रसारण शुल्क -** राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ५ मा नेपालभित्र कुनै ठाउँमा स्याटेलाइट केवुल वा अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्ने वा फ्रिक्वेन्सी मोडुलेसन (एफ.एम) सञ्चालन गर्ने व्यक्ति वा संस्थाले प्रसारण, इजाजत शुल्क बुझाउनुपर्ने व्यवस्था छ। रेडियो नेपालले २३ एफ.एम. स्टेशन तथा नेपाल टेलिभिजनले २०६६।६७ देखिको प्रसारण तथा वितरण शुल्कबापत रु.४ करोड ८१ लाख यो वर्षसम्म बुझाएको पाइएन। ऐनअनुसार तोकिएको व्यवस्थाको पालना गरी बाँकी रकम असुल हुनुपर्दछ।

५. **रोयल्टी रकममा जरिवाना -** दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले आफूले प्राप्त गरेको वार्षिक कुल आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने र रोयल्टी बुझाउने समय, तरिका नेपाल दूरसञ्चार प्रधिकरणले तोकेबमोजिम हुने व्यवस्था छ। दूरसञ्चार सेवाप्रदायकहरुले तोकिएको अवधिभित्र रोयल्टी रकम नबुझाई ढिला दाखिला गरेको व्यहोराका विगत प्रतिवेदनमा औंल्याएकोमा यो वर्ष समेत ११ महिनासम्म रोयल्टी रकम नबुझाएको देखिएको छ। दूरसञ्चार सेवा प्रदायकहरुले बुझाउनुपर्ने रोयल्टी आर्थिक वर्ष पूरा भएको ३ महिनाभित्र नबुझाएकोले

भुक्तानी गर्न बाँकी रकमको प्रत्येक महिना २ प्रतिशतका दरले थप दस्तुर समेत लिने गरी निर्णय हुन प्राधिकरणले २०७३।१।२४ मा सूचना तथा सञ्चार मन्त्रालयमा प्रस्ताव पठाएकोमा हालसम्म निर्णय भएको छैन ।

६. **निर्णय कार्यान्वयन -** सासेक सूचना राजमार्ग आयोजनामा कार्य गर्न नियुक्त निर्माण व्यवसायीले थप भएको अवधिमा समेत कार्य पूरा नगरेकोले आयोजनाले पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी अवधि थप गरेको छ । यो वर्ष समेत कार्य सम्पन्न नगरेकोमा पूर्वनिर्धारित क्षतिपूर्ति रु.२ करोड १७ लाख असुल नगरी रु.५ करोड ९० लाख भुक्तानी गरेको छ । निर्णय कार्यान्वयन नगरी थप भुक्तानी गर्दै जाने कार्यमा नियन्त्रण गरी पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

७. **फ्रिक्वेन्सी नीति, बाँडफाँड र प्रतिस्पर्धा -** दूरसञ्चार ऐन २०५३ को दफा ४९ मा सूचना तथा संचार मन्त्रीको अध्यक्षतामा गठित समितिले रेडियो फ्रिक्वेन्सी सम्बन्धि नीति निर्धारण, बाँडफाँड र मूल्य निर्धारणको कार्य गर्ने व्यवस्था छ । दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी सम्बन्धी कार्य फ्रिक्वेन्सी सम्बन्धी नीति, २०६९ बमोजिम भैरहेको छ । उक्त सेवा प्रदायकले उक्त नीति लागु हुनुभन्दा अगाडि न्यूनतमभन्दा बढी ओगेटेको फ्रिक्वेन्सी फिर्ता नलिएको, बढाबढको माध्यमबाट मूल्य नतोकेको सम्बन्धमा सार्वजनिक लेखा समितिको निर्देशनअनुसार बोलकबोल प्रक्रिया अपनाउन निर्देशन दिए तापनि कार्यन्वयन भएको छैन ।

७.१ न्यूनतम फ्रिक्वेन्सीको दस्तुर प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र र थप तथा अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर आर्थिक वर्ष शुरु भएको तीन महिनाभित्र भुक्तान नगरेमा प्रत्येक महिना दुई प्रतिशतले थप दस्तुर लाग्ने र थप दस्तुर लागेको ६ महिनाभित्र रकम नबुझाएमा अनुमति रद्द गरी सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ । तीन सेवा प्रदायकको फ्रिक्वेन्सीमा थप दस्तुरबापत लाग्ने यो वर्षको रु.५ करोड ३५ लाखसमेत रु.३५ करोड ११ लाख फ्रिक्वेन्सी दस्तुर असुल गर्न बाँकी रहेकोमा अनुमति रद्द गरी असुल गरेको पाइएन ।

७.२ एक सेवा प्रदायकले न्यूनतम फ्रिक्वेन्सीबापत तीन महिना भित्र बुझाउनु पर्ने दस्तुर नबुझाएको कारण लाग्ने थप दस्तुर रु.२६ लाखसमेत असुल नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

७.३ रेडियो फ्रिक्वेन्सी सम्बन्धी नीति, २०६९ को बुँदा ११ मा फ्रिक्वेन्सीको मूल्य निर्धारण विधि स्वीकृत गरी जी.एस.एम. मोवाइल सेवाको निमित्त छुट्याएको न्यूनतम फ्रिक्वेन्सीको दस्तुर एकमुष्ट रुपमा सम्बन्धित सेवा प्रदायकको वार्षिक कुल आम्दानीको ०.४ प्रतिशत रकम कायम गरिने उल्लेख छ । सोअनुसार कुल आयको आधारमा जी.एस.एम. सेवाको न्यूनतम फ्रिक्वेन्सीको दस्तुर एकमुष्ट लिएको पाइएन ।

८. **नीतिगत व्यवस्थाको परिवर्तन -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी सम्बन्धी नीति, २०६९ मा पहिलो संशोधन गरी २०७३ जारी गरेको छ । फ्रिक्वेन्सी नीति, २०६९ मा ४ जी सेवाको लागि छुट्याइने फ्रिक्वेन्सी वाण्डविथ, प्रत्येक सेवा उपलब्ध हुने फ्रिक्वेन्सी, त्यसको न्यूनतम मूल्य, बढाबढको प्रक्रिया सम्बन्धमा सूचना तथा सञ्चार मन्त्रालयले छिमेकी मुलुकको व्यवस्थाको समेत अध्ययन गरी नीति प्रारम्भ भएको ६ महिनाभित्र समिति समक्ष स्पष्ट प्रस्ताव पेश गर्ने छ भन्ने व्यवस्था भए तापनि २०७३ मा नीति परिवर्तन गर्दा यस अनुरुप कार्य हुन बाँकी रहेको उल्लेख गरेकोले नीतिगत व्यवस्थाको पालना हुन सकेको पाइएन ।

८.१ रेडियो फ्रिक्वेन्सी नीति, २०६९ मा दूरसञ्चार सेवामा प्रयोग हुने रेडियो फ्रिक्वेन्सी सीमित र उच्च महत्वको प्राविधिक स्रोत भएकोले बढाबढको माध्यमबाट मूल्य निर्धारण गर्ने प्रक्रिया नै विश्वव्यापी रुपमा अवलम्बन गरिने उच्चतम अभ्यास रहेको उल्लेख गरी दूरसञ्चार सेवाको फ्रिक्वेन्सीबाट राज्यले वास्तविक मूल्य प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न प्रतिस्पर्धात्मक रुपमा वितरण गर्न आवश्यक भएको र ३ जी तथा ४ जी लगायत नयाँ सेवाको लागि फ्रिक्वेन्सी मूल्य निर्धारण गर्ने आवश्यकताको आधारमा नीति जारी गरेको उल्लेख छ । फ्रिक्वेन्सी नीति २०६९ मा ५ वर्षपछि संशोधन गर्दा ३ जी र ४ जी का लागि बढी उपयोगी देखिएका ९०० मेगाहर्ज र १८०० मेगाहर्ज व्याण्डका फ्रिक्वेन्सी प्राय सबै सेवा प्रदायकलाई वितरण गरिसकिएकोले बढाबढ हुन सक्ने अवस्था छैन । घोषित नीतिभन्दा फरक प्रक्रियाबाट फ्रिक्वेन्सीको बाँडफाँड र वितरणको कार्य गरेको देखियो ।

८.२ फ्रिक्वेन्सी नीति, २०६९ मा नीति प्रारम्भ भएपछि यथासिघ्र ४ जी को फ्रिक्वेन्सी बढाबढ प्रक्रिया आरम्भ गरिने घोषणा गरेको भए तापनि नीति आएको ५ वर्षसम्म प्रतिस्पर्धा नगराई २०७३ मा प्रविधि तटस्थता

सम्बन्धी व्यवस्था गरी ४ जी सञ्चालन गर्न दिएको छ । उच्च मूल्यका सबै फ्रिक्वेन्सीको प्रतिस्पर्धा गराउनुपर्दछ ।

८.३ दूरसञ्चार ऐन, २०५३ को दफा ४९(१) मा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीको मूल्य तोक्ने अधिकार सूचना तथा सञ्चारमन्त्रीको अध्यक्षतामा गठित समितिलाई हुने व्यवस्था छ । दूरसञ्चार सेवाको फ्रिक्वेन्सी नीति, २०७३ मा ७०० मेगाहर्ज तथा २६०० मेगाहर्ज व्याण्डको फ्रिक्वेन्सी बढाबढ सम्बन्धी व्यवस्था कायम गरी प्राधिकरणले नीति प्रारम्भ भएको ३ महिनाभित्र ७०० मेगाहर्ज र २६०० मेगाहर्ज व्याण्डको न्यूनतम दस्तुर तोक्ने व्यवस्था गरेको छ । ऐनअनुसार मन्त्रीको अध्यक्षतामा गठित समितिले तोक्नुपर्ने मूल्यलाई प्राधिकरणबाट तोक्ने व्यवस्था विरोधाभास देखियो । यो व्यवस्था सुधार गर्नुपर्दछ ।

९. **लगत र असुली -** दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ मा रेडियो फ्रिक्वेन्सीबापतको दस्तुर नेपाल दूरसञ्चार प्राधिकरणले असुलउपर गरी सेवा प्रदायकअनुसार असुल भएको फ्रिक्वेन्सी दस्तुर र बक्यौता अवस्था समेतको विवरण संलग्न गरी नेपाल सरकारलाई बुझाउने व्यवस्था छ । प्राधिकरणले वर्षगत रुपमा सेवा प्रदायकहरुले बुझाउनुपर्ने लगत र बक्यौता विवरण मन्त्रालयमा पेश नगरेको र मन्त्रालयले समेत बक्यौताको अभिलेख तयार गरी राजस्वको आर्थिक विवरणमा समावेश गरेको छैन । यस सम्बन्धमा विगत तीन वर्षमा फ्रिक्वन्सी र रोयल्टीतर्फ उठ्न बाँकी, घटी असुली भएको तथा लगत कायम गरी असुली नगरेको सम्बन्धमा लेखापरीक्षणबाट औंल्याइएकोमा फछ्र्यौट स्थिति निम्नानुसार छः

(रु हजारमा)

| आर्थिक वर्ष | बेरुजू दफा | रकम | फछ्र्यौट दफा | रकम |
|---|---|---|---|---|
| २०६९/७० | १ | ६,७४ | | ५,८४ |
| २०७०/७१ | ७ | ३४,०४,३७ | १ | २२,५१,०४ |
| २०७१/७२ | २३ | ३०,४९,५८ | २ | १२,७९,२४ |

नियमको व्यवस्थाबमोजिम असुल हुनुपर्ने रकमको लगत अद्यावधिक गराई असुल गर्नुपर्दछ । औंल्याइएका नीतिगत व्यहोराका सम्बन्धमा मन्त्रालयले समेत छानबिन गरी बाँकी रकम असुल गर्नुपर्दछ ।

१०. **हुलाक टिकट मौज्दात -** हुलाक टिकट छपाई कार्य अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट हुने गरेको छ । हुलाक सेवा विभागले स्वीकृत गरेको टिकटको ढाँचा र छपाई संख्या यकिन गरी सम्बन्धित आपूर्तकलाई छपाई कार्यको आदेश दिने गरी खरिद सम्झौता भएको छ । यस वर्ष अन्तर्राष्ट्रिय बोलपत्रदाताले सम्झौताको शर्तअनुसार छपाई नगरेको कारण निजको बैङ्क जमानत युरो ६ हजार ७२९ जफत गरी २०७१।२।१६ मा कालोसूचीमा राख्ने निर्णय गरेको छ ।

गत वर्षसम्म विभिन्न २४ फरक फरक दरका ७ करोड २६ लाख ८९ हजार ६५२ थान टिकट मौज्दात रहेकोमा यो वर्ष ८ प्रकारका दरका १ करोड १५ लाख थान टिकट खरिद गरेको मध्ये २ करोड १७ लाख ६६ हजार ८०३ थान टिकटमात्र बिक्री भइं वर्षान्तसम्म रु.९७ करोड ५ लाख ४४ हजार मूल्यका ६ करोड २४ लाख २२ हजार ८४९ थान टिकट मौज्दात रहेको देखियो । विगतको मौज्दातलाई ध्यान दिई छपाई गर्नुर्पछ ।

## राष्ट्रिय सूचना आयोग

११. **वैदेशिक सहायताको लेखापरीक्षण -** आर्थिक कार्यविधि नियावली, २०६४ को नियम २७ मा कार्यालयले प्राप्त गर्ने वैदेशिक सहायतालाई वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्नुपर्ने व्यवस्था छ । आयोगले दातासँग भएको सम्झौता रु.३ करोड २५ लाख बजेटमा समावेश नगरी गत र यो वर्षसमेत रु.१ करोड ८८ लाख खर्च गरेकोमा सोको लेखापरीक्षण गराएको छैन ।

# संगठित तथा अन्य संस्था

## नेपाल दूरसञ्चार प्राधिकरण

१२. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** – गत वर्षसम्मको सञ्चित नाफा रु.१९ अर्ब ६६ करोड र विकास कोष रु.१० अर्ब १८ करोड रहेकोमा यस वर्षसम्म नाफा रु.१६ अर्ब ६१ करोड र विकास कोष रु.१२ अर्ब

६६ करोड पुगेको छ । उक्त कोषको उपयोग स्थिर सम्पत्ति र कार्य प्रगतिमा रु.४ करोड खुद चालु सम्पत्तिमा रु.२९ अर्ब २३ करोड भएको छ । प्राधिकरणको नेटवर्थ गत वर्ष रु.२९ अर्ब ८४ करोड रहेकोमा यस वर्ष रु.२९ अर्ब २७ करोड रहेको छ । गत वर्षको रु.४ अर्ब १७ करोड ३२ लाखको आम्दानीबाट रु.३ अर्ब २९ करोड रहेकोमा यस वर्ष रु.४ अर्ब २१ करोडको आम्दानीबाट रु.३ अर्ब ४५ करोड खुद नाफा गरेको छ ।

१३. **अनुमतिपत्र नवीकरण -** मोबाइल सेवाको लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई २०५६।१।२९ देखि लागु हुने गरी १० वर्षका लागि रु.२१ करोड दस्तुर र पहिलो पटक नवीकरण गर्दा पछि प्रतिस्पर्धाबाट छानिएका सेवा प्रदायकले तिर्ने नवीकरण दस्तुर नै लिने गरी दिएको अनुमतिपत्र २०६६।१।२९ मा ५ वर्षका लागि रु.१८ करोड ९० लाखमात्र लिई पहिलो पटक नवीकरण गरेको देखिन्छ । तत्पश्चात बोलपत्र प्रतिस्पर्धाबाट छानिएको एक प्रा.लि. ले रु.२० अर्ब अनुमतिपत्र नवीकरण दस्तुर तिर्न मन्जुर गरेको आधारमा नेपाल दूरसञ्चार कम्पनी लि.ले पहिलो पटक अनुमतिपत्र नवीकरण गराउँदा गरेको कबुलको आधारमा रु. २० अर्ब नै नवीकरण दस्तुर लिनुपर्नेमा पहिलो पटकको नवीकरण दस्तुर पूरा भुक्तानी नभएको अवस्थामा पुनः दोस्रो पटक रु.१८ करोड ९० लाखमात्र लिई २०७१।१।२६ मा नवीकरण गर्ने निर्णय भएको देखियो । नेपाल दूरसञ्चार कम्पनीले आफूले कबोल गरेको शर्तबमोजिम रु.२० अर्ब नवीकरण दस्तुर भुक्तानी नभएको अवस्थामा प्राधिकरणले शर्तबमोजिमको रकम लिए नलिएको सम्बन्धमा गरेको कारबाहीका बारेमा र मोबाइल सेवा नवीकरण सम्बन्धमा जिम्मेबार पक्षलाई कुनै कारबाही भएको प्रमाण पेश गरेको छैन ।

१४. **निर्णयको पालना –** व्यवस्थापिका-संसद, अर्थ समितिको २०७३।२।२१ को निर्णयमा नेपालमा कम्पनी दर्ता गरी नेपालमा नाफा कमाएपछि र शेयर बिक्री गरी बिक्रेताबाट स्वामित्व हस्तान्तरण गरेर पुँजीगत लाभ लिए पछि नेपालमा नै कर तिर्नुपर्ने व्यहोरा उल्लेख छ । सो निर्णयमा एक कम्पनीको विगतका शेयर धनीहरुका हकमा विगतमा विभिन्न कारोबारहरु भएका, पटक पटक शेयर स्वामित्व हस्तान्तरण हुँदा कम मूल्य राखी कर दाखिला गरिएको र हालको कारोबार गर्ने पक्षलाई ध्यानमा राखी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमार्फत छानबिन गरी दोषीलाई कानुनी कारबाही प्रक्रिया अगाडि बढाउन नेपाल सरकारालई निर्देशन दिने व्यहोरा उल्लेख भएकोमा सो सम्बन्धी भए गरेको काम कारबाहीको प्रमाण पेश भएको छैन ।

१५. **ग्रामीण दूरसञ्चार विकास कोषको उपयोग -** ग्रामीण दूरसञ्चार विकास कोषको सञ्चालन नीतिको क्रम संख्या ६ बमोजिम जम्मा भएको रकम, नेपाल सरकारबाट स्वीकृत नीतिको अधिनमा रही ग्रामीण क्षेत्रमा दूरसञ्चार विकास, विस्तार र सञचालन गरी सबैको पहुँच पुऱ्याउन प्रयोग गर्नुपर्दछ । यसका साथै सोही विनियमावलीको विनियम ७ बमोजिम सो कोषको रकम प्रयोग गर्दा प्राधिकरणबाट निर्धारण भएको मापदण्ड, प्रक्रिया र कार्यविधि पूरा गर्नुपर्दछ । प्राधिकरणले हालसम्म मापदण्ड, प्रक्रिया वा कार्यविधिको निर्धारण गरेको पाइएन । प्राप्त भएका विवरणको परीक्षण गर्दा, नेपाल दूरसञ्चार कम्पनी र एक प्रा.लि. मार्फत रु.२६ करोड ८६ लाख खर्च गरिएको देखियो ।

ग्रामीण दूरसञ्चार विकास कोषको चालु वर्षको वासलातअनुसार कोषमा रु.१२ अबं ६६ करोड ३ लाख रहेको छ । उल्लिखित रकम परिचालन नगरी निष्कृय रहँदा एकातर्फ निक्षेपको ब्याजदर घट्दै जाने र अर्को तर्फ नगदको आवधिक अवमूल्यन भई निर्दिष्ट उद्देश्य पनि पूर्ति नहुने देखिन्छ ।

## केन्द्रीय धनादेश कार्यालय

१६. **वित्तीय विवरणः** केन्द्रीय धनादेश कार्यालयबाट प्राप्त विवरणअनुसार जिल्ला तथा इलाका हुलाक कार्यालयहरुबाट सञ्चालित हुलाक बचत बैङ्कको गत वर्षको जिम्मेवारी, यो वर्ष आर्जित ब्याज र निक्षेप सङ्कलनसमेत रु.५ अर्ब २० लाख जम्मा भएकोमा रु.२ अर्ब ८० करोड ४५ लाख फिर्ता भई वर्षान्तमा रु.२ अर्ब १९ करोड ५७ लाख बाँकी रहेको छ । बैङ्कको कुल पुँजी रु.२ अर्ब १९ करोड ५७ लाखमध्ये रु.५२ करोड ४५ लाख लगानी भएको छ । यो वर्षसम्म ग्राहक संख्या ७२ हजार १७८ रहेको, यस बैङ्कको कारोबार कम्प्युटराइज्ड नगरेको, नेपाल लेखामानले तोकेअनुसार वित्तीय विवरण तयार नगरेको, लगानी कारोबार विस्तार गर्न नसकेको अवस्था छ । कारोबारमा आएको वृद्धिअनुसार आधुनिक बैकिङ्ग पद्धतिलाई अवलम्बन गरी समसामयिक सुधार गर्नु आवश्यक देखिएको छ ।

१७. **ब्याज दायित्व वृद्धि -** उक्त बैङ्कमा रकम जम्मा गर्ने जेष्ठ नागरिकलाई ४ प्रतिशत र अन्यलाई ३ प्रतिशतका दरले ब्याज प्रदान गर्ने र बचत खातामा रु.१० लाखसम्म राख्न पाउने व्यवस्था छ । यो वर्ष बचत रकममा रु.१० करोड २३ लाख ब्याज भुक्तानी भएकोमा १४ कार्यालयमा सञ्चालित बचत बैङ्कले रु.३ करोड ४५ लाख घाटा रहेको विवरण दिएका छन् । यो वर्षसम्म बैङ्कको खुद मुनाफा रु.१८ करोड ६९ लाख रहेको छ । बैङ्कमा बचत रहेको रकम अन्य वणिज्य बैङ्कको कल डिपोजिट र मुद्दती तथा बचत खातामा राखी ब्याज आर्जन गरेको देखिन्छ । वाणिज्य बैङ्कहरुले बचत बैङ्कको रकममा दिने ब्याजभन्दा बचत बैङ्कले बचतकर्तालाई दिने ब्याज दर उच्च रहेको कारण आगामी दिनमा ब्याज दायित्व वृद्धि भई सञ्चित मुनाफा घट्ने अवस्था देखिएकोले बचत बैङ्क सञ्चालन र ब्याज भुक्तानी तथा लगानी प्रक्रियामा सुधार हुनुपर्ने देखिएको छ ।


१८. **नगद मौज्दात -** हुलाक बचत बैङ्क सञ्चालन कार्यविधि निर्देशिका, २०६६ को नियम ३९ मा बचत बैङ्कमा रहने नगद मौज्दात अघिल्लो महिनामा सबैभन्दा बढी कारोबार भएको दिनको रकमभन्दा बढी नहुने व्यवस्था छ । यो वर्ष बचत बैङ्कको केन्द्रीय आर्थिक विवरण परीक्षण गर्दा १२ कार्यालयका बचत बैङ्कहरुले रु.६० हजारदेखि रु.६२ लाख ९९ हजारसम्म बढी नगद मौज्दात राखेको पाइयो । जिल्ला हुलाक कार्यालय, जाजरकोटले सबैभन्दा बढी नगद मौज्दात राखेको देखिएको छ । बढी नगद मौज्दात राख्नाले बैङ्कबाट प्राप्त हुने ब्याज आम्दानी घट्न गई मुनाफालाई असर पार्ने हुँदा तत्सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

१९. **स्रेस्ता पेश नभएको -** महोत्तरी, उदयपुर, जाजरकोट जिल्ला हुलाक कार्यालयमा सञ्चालित बचत बैङ्कतर्फको २०७१।७२ सम्मको कारोबारको स्रेस्ता अद्यावधिक गरी आन्तरिक लेखापरीक्षण सम्पन्न भई नसकेको कारण अन्तिम लेखापरीक्षण हुन सकेको छैन ।

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)

कम्पनीको २०७२।७३ को लेखापरीक्षण र वित्तीय प्रतिवेदनको विश्लेषणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२०. **वित्तीय स्थिति तथा सञ्चालन नतीजा -** कम्पनीको केवल शेयर लगानीमात्र रहेको पुँजी संरचनामा शेयर धनीकोष गत वर्षभन्दा ६.२१ प्रतिशतले वृद्धि भई यो वर्ष शेयर पुँजी रु.१५ अर्बसहित रु.८६ अर्ब २ करोड ७८ लाख पुगेको छ । यो कुल पुँजी तथा दायित्वको ७४.६४ प्रतिशत रहेको छ । कुल सम्पत्ति रु.१ खरब १५ अर्ब २५ करोड ८६ लाख मध्ये ५३.९० प्रतिशत रहेको चालु सम्पत्तिमा नगद सहित तरल सम्पत्ति रु.५६ अर्ब ६० करोड ७५ लाख रहेको हुँदा दायित्व भुक्तान गर्ने सामर्थ्य सुदृढ रहेको छ ।




कम्पनीको गत वर्षभन्दा ३.६८ प्रतिशतले यो वर्ष आय वृद्धि भई कुल आय रु.४४ अर्ब २० करोड ९२ लाख रहेतापनि स्वेच्छिक अवकाश कार्यक्रममा रु.४ अर्ब ३६ करोड ४३ लाख खर्च हुनाका कारण खुद नाफा गत वर्ष भन्दा ६ प्रतिशतले घटी भई रु.१३ अर्ब ६८ करोड ११ लाख कायम भएको छ । कुल आयको ९२.१२ प्रतिशत सञ्चार सेवाको आय मध्ये जिएसएम मोबाइलतर्फ गत वर्ष भन्दा ७.९३ प्रतिशतले आय वृद्धि भइ रु.२२ अर्ब ६३ करोड ७० लाख र तथा सिडिएमए तर्फ ६.९३ प्रतिशतले आय वृद्धि भई रु.१ अर्ब ३५ करोड ५५ लाख पुगेको भए तापनि प्रति ग्राहक औसत आय गत वर्ष भन्दा जीएसएमतर्फ ८.४९ प्रतिशत र सीडीएमए तर्फ ३.२४ प्रतिशत घटी आय प्राप्ति भएको छ ।

त्यस्तै गत वर्षभन्दा इन्टर कनेक्सन र टेलिफोन सेट लगायतका सामानको बिक्रीतर्फ क्रमश: २.०३ प्रतिशत र २८.४१ प्रतिशतले आय घटी यो वर्ष रु.११ अर्ब ४३ करोड ९५ लाख र रु.२ करोड १७ लाख आय रहेको छ भने आधारभूत टेलिफोन सेवातर्फ १.१९ प्रतिशतले मात्र वृद्धि भई आय रु.५ अर्ब २७ करोड २० लाख प्राप्त भएको छ । खुद नाफा घटनाका कारण प्रति शेयर आम्दानी गत वर्ष रु.९७.०४ रहेकोमा यो

वर्ष रु.९१.२१ रहेको छ भने पुँजी लगानीमा प्रतिफल गत वर्ष १५.२१ प्रतिशत रहेकोमा यो वर्ष १३.८७ प्रतिशत हुन पुगेको छ ।

नेपालको अग्रणी दूरसञ्चार सेवा प्रदायक भए तापनि यो वर्षसम्म भ्वाइस सेवामा ४७.७२ प्रतिशत र डाटा सेवामा ५५.१५ प्रतिशत मात्रबजार हिस्सा रहेको हुँदा दिगो वृद्धिको लागि उचित जोखिम व्यवस्थापनको माध्यमबाट व्यवसायिक योजना मुताबिक बजार हिस्सा विस्तार गर्न समयानुकुल ग्राहकलाई विविध गुणस्तरीय सेवा दिई सबै क्षेत्रमा डिजिटल लाभांश पुग्ने गरी कार्य अगाडि बढाउनु पर्दछ ।

२१. **नियम तथा कार्यविधिको पालना -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

२१.१ कम्पनीको आर्थिक कार्यविधि नियमावली, २०७२ को नियम १४९, १५० र १५१ अनुसार क्रमशः राजस्व आश्वस्तता परीक्षण, कार्यमूलक परीक्षण तथा प्रविधिक परीक्षण हरेक दुई वर्षमा गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन । ती परीक्षणले खर्चको सार्थकता, प्रतिस्पर्धी बजारमा पर्याप्त बजार हिस्साको अवस्था तथा प्रविधि व्यवस्थापनको प्रभावकारिता विश्लेषण गर्न सकिने हुँदा सोको नियमित पालना गर्नुपर्दछ ।

२१.२ कम्पनीले मौज्दात जिन्सी सामानको नियमित तथा उचित तवरले भौतिक परीक्षण गरेको छैन । साथै केही शाखाको परीक्षणमा भण्डारको उचित व्यवस्था नभएको, पुनः काम लाग्ने फेरिएका सामानको यथोचित अभिलेख नराखेको, जिन्सीको सम्भावित नोक्सानीबाट बच्न पूर्णरुपमा बीमा नगरेको, जिन्सी सामानको आवश्यकताका आधारमा पुनः खरिद आदेशको सीमा निर्धारण बेगरनै उच्च तहको निर्णयबाट खरिद गर्ने गरेको, म्याद सकिएका रिचार्ज कार्डलाई पनि अन्तिम मौज्दातमा समावेश गरेको पाइयो । साथै केन्द्रिय भण्डारबाट ब्याकबोन ट्रान्समिसन विभागलाई लागत रु.१३ करोड ५६ लाखको सामान पठाएको उल्लेख गरी खर्च जनाए तापनि सम्बन्धित पक्षले बुझेको पाइएन । त्यस्तै गरी सस्पेन्स इन्भेन्ट्री खातामा रहेको रु.१७ करोड ५१ लाखमध्ये रु.१४ करोड १ लाखको हिसाब मिलान अझ हुन सकेको छैन । यस अवस्थामा कम्पनीको जिन्सीतथा अभिलेख व्यवस्थापन कमजोर रहेको छ ।

२१.३ विभिन्न ११ शाखालाई विगत वर्षहरुमा उपलब्ध गराइएको पेश्की रकमबाट कार्य सम्पन्न भइसकेको स्थितिमा पनि पेश्की फछ्र्यौट भएको छैन । त्यस्तै गरी गत विगत वर्षमा नै विभिन्न पक्षलाई भुक्तान गर्नुपर्ने दायित्व रु.१५ अर्ब १७ करोड ९९ लाख फरफारक गरेको पाइएन । वित्तीय विवरणमा बैङ्क मौज्दात सस्पेन्स खातामा रु.४ लाख ५६ हजार तथा स्टक सस्पेन्स खातामा रु.१९ करोड देखिएको छ । त्यसैगरी विगत बर्षमा नगद मस्यौट भएको रु.२ लाख ४५ हजार समेत सस्पेन्स खातामा रहेको छ । ती सस्पेन्स खातामा रहेका विषयको निरुपण गरी हिसाब दुरुस्त गर्नुपर्दछ ।

२१.४ कम्पनीको व्यवसायिक योजनाका आधारमा खरिद योजना तयार गरी नयाँ प्रविधि, नवीन वस्तु वा सेवाको उत्पादन्ररवितरण वा क्षमता अभिवृद्धि गर्दा कम्पनीको रणनितिसँग आबद्ध हुने गरी खरिद कार्य गरेको पाइएन । कम्पनीले रु.११ करोड ७० लाखको लागतमा तयार गरेको सामाजिक संजाल साईटको उपयोगकर्ता २०७३ आषाढको अन्तमा ४२ हजार २६ रहेकोमा २०७३ कार्तिकसम्म ९.८९ प्रतिशतले बढोत्तरी भई जम्मा उपयोगकर्ता ४६ हजार १८३ रहेको पाइयो । कम्पनीको जिएसएम र सिडिएमएका कुल ग्राहक संख्या १ करोड ७३ लाखको तुलनामा यस साईटको उपयोगकर्ता नगण्य रहेको स्थिती छ । आवश्यकताको निर्क्यौल उचित तवरले नगर्नाले सेवा खरिदमा लागेको लागतबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन ।

यस वर्ष भवन निर्माणका दुई योजनाको कार्य सम्पन्न भएको छैन भने विभिन्न वस्तु तथा सेवाका लागि गत वर्ष भन्दा ७८.९५ प्रतिशत बढीले पुँजीगत खर्च लाग्ने कुल प्रतिबद्धता रकम रु.१७ अर्ब ८१ करोड ८५ लाख पुगेको छ । कतिपय पुराना सम्झौताको कार्य पनि सम्पन्न हुन नसकेको स्थिती छ । सञ्चार प्रविधिमा निरन्तर परिवर्तन भइरहने हुँदा ढिला गरी वस्तु वा सेवाको आपूर्ति हुँदा सोको सान्दार्भिकता गुम्न सक्ने हुँदा तत्सम्बन्धमा निरन्तर अनुगमन र विश्लेषण गरी समयमै काम सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ ।

२२. **लगानी -** कम्पनीको दिगो वृद्धिका लागि प्रचलित प्रविधि, वस्तु वा सेवामा लगानी गर्नुपर्दछ साथै अन्यत्र लगानी गर्दा उचित पोर्टफोलियो व्यवस्थापन गर्न लगानी निति निर्धारण गरी लगानी गर्नुपर्नेमा सो बेगर नै बिभिन्न संस्थामा ऋण तथा पुँजी लगानी गरेको छ । दुई जलविधुत कम्पनीमा रु.८२ करोड ३० लाख पुँजी लगानी तथा एक बैङ्क र जलविधुत कम्पनीमा रु.५ अर्ब ८१ करोड ४० लाख ऋण लगानी गरेको छ । गत

वर्ष सहित यो वर्ष पनि कम्पनीले लगानी गतिविधिमा आबद्ध गरेको पुँजी घटाउँदा बचत नगद प्रवाह रु.६९ करोड ९९ लाखले ऋणात्मक रहेको छ।

त्यस्तै गरी कुल चालु सम्पत्तिको ३४.१४ प्रतिशतले विभिन्न वाणिज्य बैङ्कहरुमा अल्पकालीन लगानी रु.२१ अर्ब २१ करोड २४ लाख गरेको देखिन्छ। यी लगानीबाट नेपाली मुद्रामा ५.५ देखि ८.६५ प्रतिशत र अमेरिकी डलरमा १.५ देखि २.०० प्रतिशत सम्म ब्याज आर्जन गरेको देखिन्छ। कम्पनीको १२ प्रतिशत पुँजीको लागतको अनुपातमा न्युन प्रतिफल प्राप्त भइरहेको देखिन्छ।

कम्पनीले विभिन्न ७ वाणिज्य बैङ्कमा राखेको मुद्दती निक्षेप रकम रु.१ अर्ब ५८ करोडलाई निक्षेपको म्याद नाघिसकेपछि कल बैङ्क एकाउन्टमा नराखी निष्क्रिय राख्नाले रु.२ करोड ८९ लाख ब्याज आम्दानी गुमेको छ। अधिकतम लाभ हुनेगरी व्यवसायिक योजनाअनुसार जोखिम व्यवस्थापन गरी कम्पनीको स्रोत परिचालन गर्नुपर्दछ।

२३. **सम्भावित दायित्व -** कम्पनीले जीएसएम लाइसेन्सको प्रथम नवीकरण बापतको रु.२० अर्ब महसुल भुक्तान गर्ने विवादको निरुपण भएतापनि दोस्रो पटक नवीकरण गर्दा लाग्ने रकम र भुक्तानी विधिबारे टुगो नलाग्नाले जीएसएम सञ्चालन गर्ने अनुमतिको नवीकरण गरेको पाईएन। यस अवस्थामा समयमा नवीकरण नहुँदा दूरसञ्चार प्राधिकरणबाट नवीकरण दस्तुरका अतिरिक्त क्षतिपूर्ति र जरिवाना समेत लगाउन सक्ने जोखिम रहेको भए तापनि टेलिकमले सो सम्बन्धमा हाल दायित्व आँकलन गर्न नसक्ने जनाई वितिय विवरणको टिप्पणीमा सम्भावित दायित्व रहेको व्यहोरा मात्र जनाएको छ। त्यसैगरी कम्पनी विरुद्ध अदालतमा विचाराधीन रहेको १३ वटा मुद्दाको कारण थप दायित्व सिर्जना हुन सक्ने देखिन्छ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ४६ निकायमा रु.६९ करोड ८९ लाख ६३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ कार्यालयले रु.२ लाख ३३ हजार फछ्यौंट गरेकोले रु.६९ करोड ८७ लाख ३० हजार बाँकी रहेको छ। सोमध्ये रु.६५ लाख ४६ हजार पेश्की बाँकी रहेको छ।
  - संगठित संस्था तथा अन्य संस्थातर्फ रु.७५ लाख ८ हजार बेरुजू देखिएकोमा फछ्यौट नगरेकोले बाँकी रहेको छ।